# प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

प्रदेश राजपत्रमा प्रकाशित मितिः २०७५/०२/१६

| संशोधन | प्रदेश राजपत्रमा प्रकाशित मितिः |
|---|---|
| १. प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ | मितिः २०७७/०५/०१ |
| २. प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७७ | मितिः २०७७/०८/०७ |

**प्रस्तावनाः** प्रदेश सरकारबाट सर्वसाधारणको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचनाको ढाँचा र प्रकृयाको सम्बन्धमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"प्रदेश राजपत्र प्रकाशन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"प्रदेश राजपत्र"** भन्नाले प्रदेश सरकारबाट प्रकाशन भएको प्रदेश राजपत्र सम्झनु पर्छ ।

(ख) **"प्रदेश"** भन्नाले प्रदेश नं. ५ सम्झनु पर्छ ।

३. **प्रदेश राजपत्रमा सूचना प्रकाशन गरिनेः** (१) केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी प्रदेश कानुनमा तोके बमोजिमका सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(क) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन वा अध्यादेश, भाग - १

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश कानुन बमोजिम प्रदेश सरकारबाट जारी भएको आदेश, भाग - २

(ग) संविधान बमोजिमको नियुक्ति, प्रदेश ऐन, नियम, आदेश अन्तर्गत वा प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना, भाग - ३

(२) उपदफा (१) बमोजिमको प्रदेश राजपत्र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रकाशन र अभिलेखिकरण गर्नेछ ।

४. **प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने प्रकृयाः** (१) ऐन वा अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि *प्रदेश कानुन सचिवले हस्ताक्षर गरी प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना बाहेक अन्य सूचना सम्बन्धित निकाय वा अधिकारीको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिव वा निजले तोकेको अधिकारीले सम्पादनको लागि निर्णय फाईल सहित सम्बन्धित प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउनु पर्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित।

www.moial.lumbini.gov.np

(३) उपदफा (२) बमोजिम प्राप्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायमा सूचना सम्पादन गरी पठाउनु पर्नेछ ।

(४) सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश राजपत्र छपाईको लागि लेखी पठाउँदा सम्बन्धित निकायको पत्र सहित सूचनाको प्रमाणित प्रति तथा विद्युतीय प्रति संलग्न गरी पठाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सम्पादनको लागि पठाएको सूचनामा सम्बन्धित मन्त्रालय वा निकायको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउनु पर्नेछ ।

**५. प्रदेश राजपत्र प्रकाशन गरिने अङ्कः** (१) *प्रदेश राजपत्रमा प्रकाशन गर्दा नियमित रुपमा प्रकाशन हुनेछ।

(२) प्रदेश राजपत्र प्रकाशन गर्दा देहाय बमोजिम अतिरिक्ताङ्क गरी प्रकाशन गर्नु पर्नेछः-

(क) ऐन र अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको मितिदेखि लागू हुने गरी,

(ख) *जुन निकाय वा अधिकारीको निर्णय बमोजिमको सूचना प्रकाशन गरिने हो सो निकाय वा अधिकारीले अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने भनी निर्णय गरेको मिति कायम गरी ।

(३) उपदफा (१) बमोजिमको नियमित अङ्क र उपदफा (२) बमोजिमको अतिरिक्ताङ्कको संख्या कायम गर्दा प्रत्येक वर्षको वैशाख १ गते देखि प्रकाशन गरिने सम्बन्धित प्रदेशको सूचनाको आधारमा वर्ष, मिति र संख्या कायम गर्नु पर्नेछ ।

**६. प्रदेश राजपत्रको ढाँचाः** (१) दफा ३ बमोजिमको प्रदेश राजपत्र अनुसूची-१ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) प्रदेश राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूची-२ मा तोके बमोजिम हुनेछ ।

**७. प्रदेश राजपत्रको छपाइ खर्चः** (१) यस कार्यविधि बमोजिम प्रदेश राजपत्रको छपाइ गर्दा लाग्ने खर्च निर्धारण गरे बमोजिम हुनेछ ।

www.moial.lumbini.gov.np

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित।

अनुसूची-१

<u>प्रदेश राजपत्रको ढाँचा</u>

**प्रदेश राजपत्र**

**लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित**

खण्ड ..) राप्ती उपत्यका (देउखुरी), नेपाल महिना ... गते, ... साल (संख्या .../अतिरिक्ताङ्क...

**भाग १, २ र ३**

**............ प्रदेश सरकार**

**............. मन्त्रालयको**

**सूचना**

**आज्ञाले,**

**नाम**

**पद**

www.moial.lumbini.gov.np

## अनुसूची - २

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

प्रदेश राजपत्रको साइज

१. प्रदेश राजपत्रको कागजको साइजः A-5 (लम्बाई ८.२७ र चौडाई  ५.८३) *

२. अक्षरको साईजः ११ प्वाइन्ट, फन्टः कालिमाटी

www.moial.lumbini.gov.np

* पहिलो संशोधनद्वारा संशोधित।